मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन: ०४८-५४०११२

प.सं. कृषि-०७७/७८

## रासायनिक मल कारोबार गर्न सूचिकृत हुने सम्बन्धी सुचना ।
**दोस्रो पटक प्रकाशित मिति २०७७/१०/२७**

नेपाल सरकारद्वारा मिति २०७७/०५/०१ मा जारी भएको अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को दफा १७ को उपदफा ५ र ६ बमोजिम मन्थली नगरपालिकाको वडा कार्यालयहरु रहेको स्थानबाट रासायनिक मल कारोबार गर्न इच्छुक सहकारी/फर्म/कम्पनीहरुले मिति २०७७/१०/११ गते मन्थली नगरपालिका स्थानीय तह मल वितरण व्यवस्थापन समिति र मल कारोबारको यस कार्यालयमा सूचिकृत भएका संस्थाहरुबिच सम्पन्न बैठकद्वारा समितिले जारी गरेको मूल्यसूचि बमोजिम संस्थाहरुले कारोबार गर्न असमर्थ रहेको हुँदा यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र कार्यालय समयमा तपसिलमा उल्लेखित आवश्यक कागजातहरु सहित यस कार्यालयमा आवेदन दिनु हुन सूचित गरिन्छ । म्याद समाप्त भए पश्चात् प्राप्त भएका र रीत पुरा नभएका आवेदन उपर कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

आवश्यक कागजातहरु:

१. सूचिकृत हुने/ईजाजत लिने सम्बन्धी निवेदन ।
२. संस्था दर्ता, सूचिकृत/अद्यावधिक प्रमाण-पत्र प्रतिलिपि, इजाजत पत्रको प्रतिलिपि, स्थायी लेखा नं. र कर चुक्ता प्रमाण-पत्र वा रसिदको प्रतिलिपि ।
३. संस्थागत निर्णयको प्रतिलिपि ।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
५. सहकारी संस्थाको विनियम ।
६. दुई वर्षको लेखा परीक्षण प्रतिवेदन ।
७. विगतमा कारोबार गरेका संस्थाको हकमा मलको कारोबार विवरण र अनुभव, कार्यदक्षता, कार्य क्षमताको विवरण ।
८. नापतौल गर्ने मेशिन, गोदामघर, सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण ।
९. बिक्रेता छनौट गर्दा अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को दफा १५ लाई आधार मानी प्राथमिकीकरण गरिनेछ ।

थप जानकारीको लागि यस कार्यालयको कृषि विकास उपशाखा वा ०४८-५४०११२ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

शिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

“स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन”

Email: ito.manthalimun@gmail.com, manthalinapa071@gmail.com Website: www.manthalimun.gov.np